| | | |
|---|---|---|
| खण्ड :– ५ | संख्या :– ९ | कार्यपालिकाबाट स्वीकृत मिति :– २०७९ असोज ३१ |

# जुगल गाउँपालिकाका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

भाग-२(घ)

## जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बराम्ची, सिन्धुपाल्चोक
## बागमती प्रदेश नेपाल

**प्रस्तावना :** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षाघात भएका बिरामीको औषधि उपचार लामो समयसम्म गर्नुपर्ने र खर्चिलो हुने हुँदा बिरामीलाई हुन जाने आर्थिक भार कम गर्न औषधि उपचार वापत खर्च उपलब्ध गराउन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७८/१२/१३ मा जारी गरेको **मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोग र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बातप खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८** लाई आधार मानी यस गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. नाम र प्रारम्भ :** यस कार्यविधिको नाम **जुगल गाउँपालिकाका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९** रहेको छ । यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “गाउँपालिका” भन्नाले जुगल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) “लक्षित समुह” भन्नाले मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचार पछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रागी (क्यान्सर पहिचान भई उपारपछि निको भइसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा (close follow up) राखेका व्यक्ति यस लाभग्राहीको सूची भित्रैपर्ने) र मेरुदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र वाहक) व्यक्ति सम्झनु पर्छ ।

(ग) “लाभग्राही” भन्नाले लक्षित समुहमा परेका औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेका जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा सिफारिस समिति गठन गरी पहिचान भएका विपन्न रहेको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

**३. निवेदन सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम औषधि उपचार बापत खर्च पाउनका लागि राष्ट्रिय परिचय पत्र नम्बर वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, चिकित्सकको सिफारिस, उपचाररत अस्पतालबाट प्राप्त बिरामी पुर्जा, रोग निदान भएका कागजपत्रहरु, मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा नीलो कार्डको प्रतिलिपि सहित सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।
वडा कार्यालयले वडा अध्यक्ष वा कार्यवाहकले सो निवेदनलाई दर्ता गर्नु भनी अनिवार्य तोक लगाउनु पर्नेछ, उपचाररत अस्पतालबाट प्राप्त बिरामी पुर्जा र रोग निदान भएका कागजपत्रहरु रुजु गर्नका लागि वडा कार्यालयले सम्बन्धित वडाका स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्रको सहयोग लिनुपर्नेछ साथै निज बिरामीको आर्थिक अवस्था कमजोर रहेको भनि गाउँपालिकालाई सम्बोधन गरि विपन्न नागरिक सिफारिस पत्र समेत दिनुपर्नेछ ।

**४. लाभग्राहिले पाउने औषधि उपचार वापत खर्च :** निवेदन सहितको आवश्यक कागजात गाउँपालिका कार्यालयमा रुजु भएपश्चात लाभग्राहीहरुको विवरण सहितको सूची तयार गरि यस गाउँपालिकाको विपन्न नागरिक सिफारिस समितिको बैठकमा छलफल गरि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने र गाउँ कार्यपालिकाको बैठकमा स्वीकृत भएपश्चात नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन गाउँपालिकाले लाभग्राहीको बैंक खातामा जम्मा गर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवित्तिभरण वा विदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस कार्यविधि बमोजिम मासिक वृत्ति उपलब्ध गराईने छैन । त्यसैगरी नेपाल सरकारबाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपांग भत्ता लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस कार्यविधि बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन् । त्यसैगरी यसै कार्यविधिमा उल्लेखित एकभन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो गर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैनन् ।

**५. बजेट व्यवस्था :** गाउँपालिकाले 'मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षाघात भएका बिरामीलाई उपचार खर्च' शिर्षकमा बजेट विनियोजन गरि सो शिर्षकबाट लाभग्राहीलाई भुक्तानी गर्नेछ र गाउँपालिकाबाट भुक्तानी भएको रकमको विवरण पेश गरेका आधारमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अर्ध-वार्षिक रुपमा शोधभर्ना गर्नेछ ।

**६. नवीकरण :** लाभग्राहीको सूची प्रत्येक आ.व. को शुरुमा सम्बन्धित वडा कार्यालयले नबिकरण गर्नुपर्नेछ ।

**७. अभिलेख तथा प्रतिवेदन :** प्रत्येक वडा कार्यालयले औषधि उपचार बापत खर्च पाउने लाभग्राहीको अभिलेख अनुसूची-४ बमोजिम लक्षित समूह अनुसार अध्यावधिक गरी राख्नु पर्नेछ ।

**८. अनुगमन तथा निरीक्षण :** नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको **मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोग र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बातप खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८** अनुसार हुनेछ ।

**९. पारदर्शिता कायम गर्नुपर्ने :** गाउँपालिकाले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली गाउँपालिका कार्यालय र सम्बन्धित वडा कार्यालयले सामाजिक संजाल/वेभसाइटमा सार्वजनिक गर्नेछ ।

**१०. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आईपरेमा कार्यपालिकाले त्यसको बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमाणित मिति २०७९।०६।३१
आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत